# उमाकुण्ड गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
प्रिती, रामेछाप
बागमती प्रदेश, नेपाल

पत्र संख्या :- २०७६/०७७
चलानी नं : 9220

मितिः२०७७/०२/३२

विषयः IEMIS update गर्ने सम्बन्धमा ।

श्री सबै सामुदायिक तथा संस्थागत विद्यालयहरु
उमाकुण्ड गाउँपालिका, रामेछाप ।

प्रस्तुत विषयमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको च.न. २६१ मिति २०७७।०२।२५ को पत्रानुसार विद्यालय तहको विद्युतिय एकिकृत विद्यालय शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS) को व्यवस्थापन कार्य गर्नुपर्ने भएकोले विद्यालयको सुरक्षित अवस्थालाई ध्यानमा राखी भौतिक दुरी लगायत अन्य सुरक्षा उपायहरु अवलम्बन गरी विद्यालयसँग सम्बन्धित अभिलेखहरुमध्ये तपशिल अभिलेखहरु अद्यावधिक गर्नु गराउनु हुन अनुरोध छ ।

**तपशिलः**

१. आ-आफ्नो विद्यालयको IEMIS FIle Upade गर्दा Year Set २०७७ गर्ने ।
२. शै.स. २०७६ को कक्षागत विद्यार्थीहरुको विवरण (कक्षा उतीर्ण, कक्षा दोहर्याउने, कक्षा छाड्ने, वार्षिक हाजिरी दिन आदि) अद्यावधिक गर्ने । (कक्षा १० र १२ बाहेक अरु सबै कक्षा)
३. शै.स. २०७६ को कक्षागत परीक्षा र विद्यार्थीहरुको प्रप्ताङ्क विवरणको Entry र अध्यावधिक गर्ने ।
४. शै.स. २०७६ को कक्षागत छात्रावृत्ति विवरण अद्यावधिक गर्ने ।
५. हाल विद्यालयमा रहेको अभिलेख अनुसार शै.स. २०७६ सालको सबै प्रकार र तहका शिक्षकहरुको पूर्ण विवरण अद्यावधिक गर्ने ।
६. हाल विद्यालयमा रहेको अभिलेख अनुसार शै.स. २०७६ प्रकारको विद्यालयको भैतिक विवरण अद्यावधिक गर्ने ।
७. हाल विद्यालयमा रहेको अभिलेख अनुसार शै.स. २०७६ सालको विविधमा रहेको सबै विवरण अद्यावधिक गर्ने ।
८. आफ्नो विद्यालयको विवरण पूर्ण छ/छैन रुजु गर्ने र IEMIS File Save गरी राख्ने ।
९. माथि उल्लेखित कार्य सम्पन्न गरेका विद्यालयहरुले आफ्नो विद्यालयहरुको IEMIS File मिति २०७७।०३।१५ गते पछि मात्र शिक्षा तथा मानव स्रोत विकास केन्द्रको Web Portal: iemis.doe.gov.np मा Upload गर्नुपर्नेछ ।

**पुनश्चः** विद्यालयले IEMIS FIle सम्बन्धी कार्य सम्पन्न गरी Web Portal: iemis.doe.gov.np मा Upload गर्नुपूर्व यस विद्यालयको IEMIS File मा भरिएका सम्पूर्ण विवरणहरु विद्यालयमा रहेको वास्तविक अभिलेखका आधारमा सही रुपमा प्रस्तुत गरिएका छन् भनी प्रमाणित गर्दछु । सो मा फरक परेमा मुलुकी अपराध संहिता ऐन, किर्ते जालसाँझीको महलको साथै अन्य प्रचलित कानुन बमोजिम कारवाही सहुँला बुझाउँला भन्ने व्यहोराको पत्र समेत गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा उपलब्ध गराउने ।

..........................
ईश्वरी प्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत